# विशेष बाली प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

*मन्त्रीस्तरबाट स्वीकृत मिति २०७८।०७।०८*

**प्रस्तावनाः** स्थानीय भू-बनोट तथा हावापानीको आधारमा स्थान विशेष अनुसार उच्च संभावना बोकेका विशेष बालीहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै व्यवसायीकरणमा टेवा पुऱ्याई खाद्य आत्मनिर्भरता तर्फ उन्मुख हुन साथै उत्पादित वस्तुको व्यवस्थित भण्डारण तथा बजारीकरणका लागि बिशेष बाली प्रवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) यस कार्यक्रम अन्तर्गत विशेष बाली भन्नाले स्थान अनुसार उत्पादनका लागि उच्च संभावना बोकेका तोरी, सुर्यमुखी, बदाम, सिमी, जौ, कोदो, फापर, उवा, कागुनो, मास, भट्टमास, गहत, मुसुरो र मस्याङ्ग सम्झनुपर्छ।

(ख) यस कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक समूह वा कृषि सहकारी संस्थाले कम्तीमा १० घरधुरी संलग्न हुने र क्लष्टरमा सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्नुपर्नेछ।

(ग) छनौट भएका क्लष्टरमा कुनै एक विशेष बाली कम्तीमा ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ।

(घ) खेती गर्दा सिफारिस गरिएका जात तथा प्रविधिको प्रयोग गर्नुपर्नेछ।

(ङ) खेती गर्दा सम्बन्धित कृषि ज्ञान केन्द्रले सिफारिस गरे अनुसार बीउ र मलखाद प्रयोग गर्नुपर्नेछ।

## २. आर्थिक पक्ष

(क) स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ९० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(अ) खेतीको लागि आवश्यक बीउ खरिद।

(आ) यन्त्र, उपकरण खरिद र सिंचाई व्यवस्थापन।

(इ) आकस्मिक बाली संरक्षण।

(ई) संकलन, ड्राईङ्ग, ग्रेडिङ, प्याकेजिङ्ग, लेबलिङ सामग्री खरिद, भण्डारण र बजारीकरण।

(ख) बुँदा २ (क) को परिधि भित्र रही प्रति हेक्टर जग्गामा बिशेष बाली प्रवर्धन कार्यक्रम सञ्चालनका लागि अधिकतम एक लाख रुपैयासम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

### ३. मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनको आधार | अंकभार |
|---|---|---|
| १. | **खेती गर्ने क्षेत्रफल** | ३० |
| (क) | ३० रोपनी जग्गाको लागि १५ अंक र सो भन्दा बढी क्षेत्रफलका लागि प्रति २ रोपनी १ अंकका दरले थप गरी अधिकतम ३० अंकसम्म प्रदान गर्ने। | ३० |
| २. | **सिँचाई सुविधा (बाली विशेषको आवश्यकता अनुसार)** | १० |
| (क) | सिँचाईको सुविधा भएको | १० |
| (ख) | सिँचाईको सुविधा व्यवस्था गर्न सकिने | ५ |
| ३. | **अनुदानको अवस्था** | १० |
| (क) | पछिल्लो दुई आ.व.मा कृषि सम्बन्धी कार्यको लागि समुदायस्तरले अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि क्षेत्र/व्यवसाय बिस्तारका लागि प्रस्ताव पेश गरेको | ५ |
| ४. | **कार्यक्रममा संलग्न घरधुरी** | १० |
| (क) | २० वा सो भन्दा बढी | १० |
| (ख) | ११ देखि १९ घरधुरी | ७ |
| (ग) | १० घरधुरी | ५ |
| ५. | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | १० |
| | **जम्मा** | ७० |

### ४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) कृषक समूह/कृषि सहकारी संस्थाको बैठक निर्णयको प्रतिलिपि।

(ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/ लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

**५.प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) **सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नाम | हाल खेती गरिरहेको क्षेत्रफल (रोपनी) | हालको उत्पादन (के.जी) | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल (रोपनी) | कार्यक्रम सञ्चालनबाट थप हुने उत्पादन(के.जी.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**ग) कुल अनुमानित उत्पादनः**

**(घ) सिँचाईको व्यवस्था**

(ङ) कुल रोजगारी सिर्जनाः

(च) सञ्चालन हुने क्रियाकलापहरुः

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

(छ) माग गरेको जम्मा अनुदान रकमः

(ज) अन्य व्यवसायिक योजनाः

- नवीनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)

- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

(झ) अन्य बिषय केही भए उल्लेख गर्नुहोस्